प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**जन्म दर्ता गर्न आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१७ । । अङ्क : ८९ ॥ २०८२ वैशाख २४ गते बुधबार (7th May 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## पाँचजना डीएसपीले पाए सम्मान
# दिनोको आत्माले पाएन न्याय

बिर्तामोड(प्रस) । २०७७ सालयता चार वर्षमा इलाका प्रहरी कार्यालय बिर्तामोडमा पाँचजना डीएसपी जिम्मेवारी सम्हालेर विदा भए ।

सरुवा भएर आउँदा उनीहरुलाई जुन स्वागत सम्मान गरियो , जाने बेलामा त्यो भन्दा बढी भव्य सम्मानसहित विदा गरियो । २०७७ सालदेखि २०८२ को बैशाख दोस्रो सातासम्म मुकुन्द रिजाल,सन्तोष आचार्य , रुगमबहादुर कुँवर , सुरज कार्की र प्रकाश विष्टले बिर्तामोड प्रहरीको नेतृत्व सम्हाले । अपराध अनुसन्धानमा अब्बल ठानेर बिर्तामोडबासीहरुले ती पाँचैजनालाई सम्मानसहित भव्य विदाई गरिरहँदा बिर्तामोड २ चैतुवारीकी दिनो राजवंशीको आत्माले न्याय पाउन सकेन । चार वर्षसम्म पनि उनलाई बलात्कारपछि हत्या गर्ने अपराधी पत्ता लाग्न सकेन ।
२०७७ पुष ५ गते बिहान बिर्तामोड २ चैतुवारीकी ४२ वर्षीया दिनो राजवंशी मृत अबस्थामा फेला परेकी थिइन् । अघिल्लो दिनको बेलुका अन्दाजी ७ बजे श्रीमानलाई



खाना पुर्याउन ती महिला घरबाट हिँडेकी थिइन् ।त्यसपछि बेपत्ता भएकी उनको शव भोलिपल्ट विहान फेला परेको थियो ।सोही ठाउँका मोहन मगरको खेतमा नाक र मुखबाट सामान्य रगत बगेको,उतानो अवस्थामा शव फेला परेको थियो । शवको छेउमै खानाको पोको र टर्चलाइट भेटिएको थियो ।
घटनापछि संघीय प्रहरी इकाई कार्यालय धरानबाट तालिमप्राप्त कुकुर मगाएर त्यसबेलाका डीएसपी मुकुन्द रिजालले अनुसन्धान थालेका थिए । घरपरिवारबाटै उनको हत्या भएको आशंकामा दिनोका श्रीमान बिरबहादुर राजवंशीमाथि प्रहरीले अनुसन्धान गरेको थियो । तर, पुष्टि हुन सकेन । दिनोको अनुसन्धान पूरा नहुँदै मुकुन्द रिजाल सरुवा भएर गए । त्यसपछि लगत्तै आएका सन्तोष आचार्यले त्यस घटना समाधान गर्ने खासै रुचि देखाएनन् ।आचार्यपछि आएका रुगम कुँवरले त्यस फाइललाई खोल्ने प्रयास गरेका थिए । यसअघि हत्यामात्र भएको बताइएकोमा कुँवरले बलात्कारपछि हत्या भएको पुष्टि गराए । उनले केही शंकास्पद व्यक्तिलाई सोधपुछ गरेपनि प्रमाणसहित पक्राउ गर्न सकेनन् ।

त्यसपछि आएका सुरज कार्की र प्रकाश विष्टले दिनोको फाइल नै खोलेनन् । चारजना डीएसपीले दिनोको अपराधीलाई पक्राउ गर्न नसकेपछि भर्खरै बिर्तामोड प्रहरीको कमाण्ड सम्हाल्न विजय श्रेष्ठ आइपुगेका छन् । उनले सबै प्रकारका अपराध नियन्त्रणका लागि प्रभावकारी ढंगले लाग्ने बताएका छन् । आफूले दिनो राजवंशीको पुरानो फाइल खोल्ने डीएसपी श्रेष्ठले बताए ।

२०७५ साउन १० गते कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा भएको निर्मला पन्त बलात्कार र हत्याकाण्डको जस्तै दिनो राजवंशीको घटनामा प्रहरी प्रशासन असफल बन्न नहुने स्थानीयहरु बताउँछन् । कुनै पनि हालतमा दिनोको हत्यारालाई पक्राउ गरी कार्वाही गर्नुपर्ने उनीहरुको माग छ ।

# धनकुटा बस दुर्घटनामा मृत्यु हुनेको संख्या ३ पुग्यो



झापा(प्रस) । धनकुटामा सोमवार भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या ३ पुगेको छ ।
धरानबाट भोजपुरका लागि जाँदै गरेको को १ ख २१७७ नम्बरको बस सोमवार बिहान धनकुटा नगरपालिका-६ औद्योगिकग्राम गोलाईनजिक दुर्घटनामा परेको थियो ।
सख्त घाइते भएका भोजपुरको षडानन्द नगरपालिका-१३ का ५८ वर्षीय लीलाबहादुर श्रेष्ठको मंगलवार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ । उनको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिहान ४ बजे मृत्यु भएको जनाइएको छ ।
घटनामा परी सख्त घाइते भएकी धनकुटा नगरपालिका-६ की ७३ वर्षीया कृष्णकुमारी भुजेलको धनकुटा अस्पतालमा उपचारका क्रममा सोमवार नै मृत्यु भएको थियो ।
दुर्घटनामा घाइते भएका बस चालक सुनसरीको धरान उपमहानगरपालिका-१३ का ५१ वर्षीय रुद्र तामाङको सोमवार बेलुका मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी ओमप्रकाश खनालले जानकारी दिए ।
अन्य घाइतेमध्ये ७ जनाको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान , एक जनाको नोबेल अस्पताल विराटनगरमा उपचार भइरहेको र ३ जना डिस्चार्ज भएको खनालले बताए ।

# त्रियुगा नदीले बस बगायो



झापा(प्रस) । उदयपुरको चौदण्डीगढी नगरपालिका-५ सिवाईस्थित त्रियुगा नदीले सप्तरीमा जन्ती पुर्‍याएर फर्किँदै गरेको बस बगाएको छ । नदीमाथि ह्युमपाइप लगाएर अस्थायी रुपमा संचालन भइरहेको सडक सोमबार बेलुका परेको पानीले कमजोर बनेपछि सिवाईबाट बेल्टार आउँदै गरेको को १ ख ४७५३ नम्बरको बस बगेको थियो ।
सोमबार राति नदीबाट बस निकाल्न प्रयास गरिए पनि संभव नभएपछि मंगलबार बिहान नदीको भेल बाढीले ह्युमपाईपसहित बस बगाएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी उपरीक्षक हरिहरनाथ योगीले बताए । त्रियुगा नदीमा सोमबार राति एक्कासी बस भासिँदै गएपछि बस चालक चौदण्डीगढी नगरपालिका-५ सिवाईका ३८ वर्षीय ईश्वर खत्रीले हामफालेर ज्यान जोगाएका थिए ।

बस इलाका प्रहरी कार्यालय सुन्दरपुरबाट खटिएको प्रहरी टोलीको नेतृत्वमा सोमबार दिउँसो क्रेनको सहायताले निकाल्ने प्रयास गरिएकोमा असफल भएको इलाका प्रहरी कार्यालय बेल्टारका प्रहरी निरीक्षक बबिन राईले बताए ।
चौदण्डीगढी-५ सिवाई र बेलहा जोड्न अस्थायी रुपमा लगाइएको ह्युमपाईप बेमौसमी बाढीले बगाएपछि बेल्टारसँगको सिधा सम्पर्क टुटेको छ । बाढीले ह्युमपाइप बगाएपछि सुन्दरपुर, हडिया, बेल्हालगायत चौदण्डीगढी नगरपालिकाका ५, ९ र १० नं. वडाका करिब २० हजार नागरिकलाई बेल्टार आउजाउ गर्न समस्या भएको छ ।
'हिउँदमा जसोतसो अस्थायी रुपमा ह्युम पाइप राखेर सवारी संचालन हुँदै आएको थियो, त्यो पनि त्रियुगा नदीको बाढीले ह्युमपाइपसहित स्थायी बाटो बगायो,' चौदण्डीगढी नगरपालिका-१० का वडाध्यक्ष धर्मेन्द्रकुमार खड्काले बताए । उनले भने, 'अब बेल्हा, हडिया, सुन्दरपुरका बासिन्दाहरु बेल्टार पुग्न गाईघाट हुँदै ४१ किलोमिटर घुम्नुपर्ने भयो ।'

त्रियुगा नदीले बगाएको पक्कीपुल २०७८ असार १९ गतेको बाढीले क्षतिग्रस्त बनाएदेखि हालसम्म पुनःनिमाण सुरु भएको छैन । जसका कारण यसपालीको बर्षामा पनि त्यसक्षेत्रका नागरिकले सास्ती पाउने निश्चित छ । ०६७ सालमा निर्माण सुरु भएको मोटरेबल पक्की पुल भत्किएको तीन वर्ष भइसक्दासमेत पुनःनिर्माणको सुरसार छैन ।
नेपाल सरकारको ११ करोड २७ लाख लागतमा १३ स्पान, ३०७ मिटर लम्बाई र साढे पाँच मिटर चौडाई रहनेगरी महालक्ष्मी/लोकप्रिय जेभीले बनाएको पुल भत्किएदेखि अलपत्र अवस्थामा छ । २ वर्ष ८ महिनापछि सरकारले ठेक्का सम्झौता रद्द गरेपछि यसवर्ष पुल बनाउने काम सुरु नहुने गाईघाट दिक्तेल सडक योजनाका प्रमुख (डिई) पशुपति ज्ञवालीले बताए । उनका अनुसार पुल छिटो निर्माण सम्पन्न गर्न ठेकेदार कम्पनीलाई पटक-पटक ताकेता गर्दा पनि काम पूरा नगरेकाले ठेक्का तोडिएको हो ।

पुल भत्केको केही दिनपछि नै डिभिजन सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय दमक, पुल महाशाखा र पुल सेक्टर १ धरानबाट संयुक्त प्राविधिक टोली आएर स्थलगत अनुगमन गरी फर्केको थियो । तर, अध्ययन टोली फर्केर प्रतिवेदन बुझाउन नपाउँदै १५ दिनपछि साउन २ गतेको अविरल वर्षपछिको बाढीले थप २ पिल्लर भाँचेपछि पुलको तेस्रो स्पान पनि भत्केको थियो ।

५ पिलर र ३ स्पान बाढीले भत्काउँदा ४ वटा स्ल्याब भाँचिएर पुल कामै नलाग्ने अवस्थामा पुगेको छ । तर यत्तिका समयसम्म पुल मर्मत गर्ने वा नयाँ बनाउने भन्नेबारे सरकार अन्योलमै छ । १५ वर्षसम्म पुल निर्माण सम्पन्न नहुँदा बेल्टारबजार आवतजावतमा निकै समस्या खेप्नु परेको चौदण्डीगढ-१० हडियाका रामु चौधरीले गुनासो गरे ।

पुल क्षतिग्रस्त भएको यति धेरै समय बितिसक्दा पनि पुनःनिर्माण नहुनु भौतिक पूर्वाधार मन्त्रालय र सडक विभागकै बेवास्ता भएको चौदण्डीगढी नगरपालिकाका प्रमुख कालुमान लामाले बताए ।

# एमाले नेता नेपालको पशुपति आर्यघाटमा अन्त्येष्टि

झापा(प्रस)। नेकपा एमालेका नेता प्रदीप नेपालको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ। पशुपतिस्थित विद्युतीय शवदाहगृहमा उनको पार्थिव शरीरलाई मंगलवार साँझ अन्त्येष्टि गरिएको हो। नर्भिक अस्पतालमा उपचारका क्रममा उनको मंगलबार दिउँसो निधन भएको हो। उनी लामो समयदेखि पार्किन्सन रोगबाट ग्रसित थिए।
अन्त्येष्टिअघि नेकपा (एमाले)का उपाध्यक्ष एवं उपप्रधानमन्त्री विष्णु पौडेल, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, सुरेन्द्रप्रसाद पाण्डे, महासचिव शङ्कर पोखरेल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेकपा (माले) का महासचिव सिपी मैनाली, पूर्वउपप्रधानमन्त्री वामदेव गौतम लगायतका नेता पशुपति पुगेर उनीप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।
एमाले पूर्वस्थायी समिति सदस्यसमेत रहेका नेपालप्रति श्रद्धाञ्जली अर्पण गर्न एमाले र एकीकृत समाजवादीका पदाधिकारी, सांसद, पूर्वमन्त्री, नेता तथा कार्यकर्ता, शुभेच्छुक र आफन्तजन ठूलो संख्यामा पशुपति पुगेका थिए।
लेखक तथा साहित्यकारसमेत रहेका नेपाल सञ्जय थापाको नामबाट प्रगतिशील साहित्य क्षेत्रमा चिनिएका थिए। नेपाल एमालेको ९ महिने शासनकालमा सूचना तथा सञ्चारमन्त्री बनेका थिए। नेपाल शिक्षामन्त्रीसमेत बनेका थिए।
स्वास्थ्यमा समस्या आएपछि पछिल्लो समय उनी राजनीतिमा निष्क्रिय थिए। नेपालको जन्म २०१० पुस २८ गते भोजपुरको गोगनेमा भएको थियो।

# १४ प्रतिशत दलित समुदायलाई १ प्रतिशत बजेट !

झापा(प्रस) । सरकारले ल्याउने आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट दलित समुदायको उत्थानमा केन्द्रित हुनुपर्ने अधिकारकर्मीले माग गरेका छन् ।
दलित सांसद तथा अगुवाहरूले सरकारसँग आगामी बजेटमा दलितलाई रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनको ग्यारेन्टीको माग गरेका हुन् ।
यसअघि आएका बजेट दलित समुदायलक्षित नभएकाले अब भने सुनिश्चित हुनुपर्ने उनीहरूको माग छ । कुल १४ प्रतिशत जनसंख्यालाई नै छुनेगरी बजेट ल्याउन उनीहरूले माग गरेका हुन् ।
नेपाल सरकारका पूर्वसचिव डा.मानबहादुर विश्वकर्माले सरकारको दीर्घकालीन लक्ष्य पूरा गर्न भए पनि दलित समुदायको उत्पादन केन्द्रित बजेट ल्याउनुपर्ने बताए ।
अहिलेसम्म सरकारले दलितका लागि छुट्याएको बजेट पर्याप्त नभएको पनि उनले बताए । सरकारले दलित समुदायको उत्पादन, रोजगारी र सीप विकासका लागि केन्द्रित भएर बजेट विनियोजन नगरेको उनले आरोप लगाए ।
संघीयतासँगै स्थानीय, प्रदेश र संघीय सरकारले विनियोजन गर्ने बजेटले दलित समुदायको जीवनस्तर रूपान्तरण गर्नेभन्दा पनि मल्हम लगाउने काम गरेको उनको भनाइ छ । 'सरकारले बजेटमार्फत दलितका आधारभूत खाद्यान्न, खाद्य सुरक्षा, शिक्षामा पहुँच, रोजगारी, सीप विकास, विभेदमा कमी आउने गरी दलित केन्द्रित बजेट ल्याउनुपर्छ' उनले भने ।
त्यस्तै, दलित अध्येता तथा दलित अधिकारकर्मी मेघेन्द्र विश्वकर्माले पनि दलित समुदायको उत्पादनमा केन्द्रित भएर बजेट ल्याउनुपर्नेमा बताए । अबको बजेट दलितलाई पनि महसुस हुने गरी ल्याउनुपर्नेमा उनले जोड दिए ।

दलितले कुल १४ प्रतिशत जनसंख्याको हिस्सा ओगटेको तर १ प्रतिशत पनि बजेट नआएको उनले गुनासो गरे । साथै आगामी बजेटमा कम्तीमा ३ प्रतिशत बजेट दलित केन्द्रित समुदायका विकासका लागि विनियोजन गर्न उनले माग गरे ।
'सरकारले बजेटमार्फत दलितका आधारभूत खाद्यान्न, खाद्य सुरक्षा, शिक्षामा पहुँच, रोजगारी, सीप विकास, विभेदमा कमी आउने गरी दलित केन्द्रित बजेट ल्याउनुपर्छ,' उनले भने, 'दलित अधिकारको सुनिश्चितताका लागि छुट्टै दलित प्राधिकरण स्थापना गर्न आवश्यक छ ।'
त्यस्तै नेपाली कांग्रेसकी सांसद सीता मिजारले सरकारले आगामी बजेटमा दलित रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन गर्नुपर्ने बताइन् । उनले दलित अधिकार दशक घोषणा गर्न पनि माग गरिन् ।
सांसद मिजारले दलित अधिकारको ग्यारेन्टी गर्ने गरी बजेट विनियोजन गर्न आवश्यक रहेको उल्लेख गरिन् । दलित समुदायसँग आवास जग्गा नभएकाले उनीहरूलाई भूमिस्वामित्व सुनिश्चित गर्ने कार्यक्रम ल्याउनुपर्नेमा उनले जोड दिइन् ।

छुवाछुतमुक्त समाज बनाउन सचेतना अभियानका लागि उचित बजेटको व्यवस्था गर्नुपर्ने पनि बताइन् । दलित पुनर्जागरण अभियानका कार्यक्रमहरू सरकारले बजेटमार्फत ल्याउनुपर्ने र कानुनी शिक्षाका लागि पनि दलित समुदायको पहुँच पुग्ने गरी कार्यक्रम आउनुपर्ने उनले बताइन् ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयस्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# राष्ट्रिय स्वतन्त्र पार्टी अन्य पार्टीभन्दा फरक किन ?

• **सृजन अधिकारी**

पछिल्लो समय निराश रहेका जनतामा एउटा आशाको किरण झल्काउन सफल राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यशैली नितान्त फरक छ। राजनीतिक पार्टी राजनीतिक विचार पद्धतिद्वारा संचालित हुने गर्दछ। प्रजातान्त्रिक अभ्यास, सुधारिएको संघीय लोकतान्त्रिक व्यवस्था, जनताबाट निर्वाचित हुने परिपाटीलाई रास्वपाले गत निर्वाचनमार्फत अभ्यास गरिसकेको छ। गत निर्वाचनमा संसदमा प्रवेश गरेसंगै संसदमा जनताको पक्षमा रास्वपाले आवाज बुलन्द गरिरहेको छ। रास्वपा किन पनि फरक छ भने तत्कालीन समानुपातिक सांसद ढाकाकुमार श्रेष्ठलाई मेडिकल ब्यवसायी दुर्गा प्रसाईसंगको अनैतिक आर्थिक लेनदेनको बिषयलाई लिएर ७२ घण्टाभित्र कारबाही गरेर अन्य पार्टीभन्दा अलग रहेको पहिचान स्थापित गरिसकेको छ।



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रबि लामिछानेले अमेरिकी नागरिकता त्यागेको बिषय र उक्त समयमा उनी अनागरिक बनेको अवस्थापछि पुनः चितवन २ बाट निर्वाचित हुन निर्वाचन आयोगले अनुमति दिएपछि पुनः चितवनबाट भारी मतान्तरले रास्वपा सभापति निर्वाचित हुनु पनि रास्वपाको राजनीतिक उपलब्धि हो। पुराना पार्टीहरुले गठन गरेको संयुक्त सरकारले हाल रास्वपा सभापतिलाई सहकारीको बिषयलाई लिएर हिरासतमा राखेका छन् । सहकारीबाट ऋण लिन आवेदन पनि नदिएका, संचालक समितिमा पनि नरहेका रबि लामिछानेलाई राज्यले प्रतिशोधको रुपमा जेलमा राख्ने जुन दुष्कर्म गरेको छ ,त्यसलाई जनताले नजिकबाट हेरिरहेका छन् । देशको चौथो ठुलो राजनीतिक पार्टीका सभापतिसंग देशको राजनीतिक इतिहास बोकेका राजनीतिक पार्टीहरु नेकपा एमाले र नेपाली काँग्रेसका नेतृत्वहरु त्रसित अवस्था छन् । 'कुनै समय व्यवस्था परिवर्तन भन्दै राजाको बिरुद्ध एक हुने राजनीतिक पार्टी आज रबि लामिछानेका बिरुद्ध एक भएका छन् ।' त्यसकारण पनि रास्वपा राजनीतिक अभ्यासमा अन्य पार्टीभन्दा फरक छ । जब राष्ट्रिय प्रजातन्त्र पार्टीले संघीयता नमान्ने भनेर घोषणा गरेर चुनावमा प्रदेश सभामा उम्मेद्वारी दिएको जनताले देखिरहेका छन् । राजनीतिक इमान्दारिताको हकमा भने रास्वपाले गएको प्रदेश सभाको चुनावमा कसैलाई पनि उम्मेद्वार नबन्ने अवस्था सृजना गर्यो । जसले जनतामाझ विश्वासको वातावरण अझ मजबुद बनाउन रास्वपाले राजनीतिक इमान्दारिता कायम गरेको थियो । त्यसकारण पनि रास्वपा अन्य राजनीतिक पार्टीहरुभन्दा पृथक रहयो।

आगामी निर्वाचनको राष्ट्रिय स्वतन्त्र पार्टीले व्यापक तयारी गर्नु पर्ने छ। स्थानीय निकायको निर्वाचन, प्रतिनिधिसभाको निर्वाचनमा प्रभावशाली उपस्थिति जनाउन र चुनाव जित्न पनि राष्ट्रिय स्वतन्त्र पार्टीले राजनीतिक इमान्दारिता कायम राख्नु पर्छ र अन्य राजनीतिक पार्टीहरुभन्दा फरक पहिचान कायम राख्न सक्नु पर्छ।

बैकल्पिक राजनीतिको प्रभावशाली उपस्थिति जनाउन सफल राष्ट्रिय स्वतन्त्र पार्टी अन्य राजनीतिक पार्टीभन्दा कसरी फरक छ?

**१. प्रारम्भिक निर्वाचन प्रणाली**

राज्यका कुनै पनि तहका निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवारी टिकट पार्टीका साधारण सदस्यहरुको मतदानबाट विजयी हुनेलाई मात्र दिइने छ । यस्ता मतदानमा विदेशमा रहेका नेपालीहरुले पनि मतदान गरी उम्मेदवार छान्न पाउने छन् । पार्टीका तर्फबाट हुने प्रधानमन्त्री, मुख्यमन्त्री पनि पार्टीकै साधारण सदस्यको मतबाट छानिने छ । यस्तै समानुपातिक निर्वाचन प्रणालीमा पनि साधारण सदस्यको मतदानबाट नामावली र क्रम संख्या तयार पारिनेछ । तर, कुनै पनि बहानामा कसैलाई 'टीका' लगाएर उम्मेदवारको टिकट भने दिइने छैन ।

**२. भ्रातृ संगठनरहित**

राष्ट्रिय स्वतन्त्र पार्टीमा कुनै पनि किसिमको भ्रातृ संगठन हुँदैन । युवा, महिला, किसान, मजदुर, पेशागत नेपाली, व्यवसायी, आदिवासी, मधेसी, दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, अपांगता भएका व्यक्तिहरुलगायत सबैका आवश्यकता र मागलाई पार्टीका मूल संरचनाबाटै उठाइनेछ । नेपालीहरुलाई राजनीतिभन्दा आफ्नो कर्ममा तल्लीन हुन प्रोत्साहन गरिने छ ।भ्रातृ संगठनको निर्माण जुनसुकै उद्देश्यबाट भए पनि वर्तमान अवस्थामा त्यस्ता संगठन राजनीति गर्ने थलो बनेका छन् । जबकि, राजनीतिक पार्टीको मूल संरचनाबाटै राजनीति गर्न सम्भव छ । घरैपिच्छे नेता जन्माउने परिपाटीको अन्त्य गरी राजनीतिलाई सुसंस्कृत र सम्मानित बनाउनु हाम्रो मुख्य उद्देश्य हो ।

**३. कार्यकर्तारहित**

पार्टी सदस्यलाई मतदाता नामावलीमा नाम भएको र नभएको अर्थात् मतदाता परिचयपत्र भए-नभएको आधारमा प्रारम्भिक र साधारण सदस्यमा विभाजन गरिएको छ । मतदाता नामावलीमा नाम नभएकाहरुले नाम दर्ता गरेपश्चात् साधारण सदस्यमा बदलिने छ । अन्य पार्टीमा झैं सक्रिय, क्रियाशील, संगठित सदस्यलगायतका व्यवस्था गरिने छैन । पार्टीका सबै कार्यक्रममा सदस्यलाई स्वेच्छिक रुपमा भाग लिने-नलिने अधिकार हुनेछ । तर, कार्यक्रममा भाग नलिएकै आधारमा कारबाही हुने छैन । यसर्थ हाम्रो पार्टी कार्यकर्तारहित पार्टी हो ।

**४. बहुसंख्यक युवा**

पार्टीको सबै तहमा, सम्भव भएसम्म (५० प्लस १ प्रतिशत) को संख्यामा युवा (४५ वर्ष वा ४५ वर्षभन्दा कम उमेरका) हुनेछन् ।

**५. पार्टीको साधारण सदस्यता लिएका जो कोही नेपाली पनि सिधै सभापतिसम्म हुन पाउने**

आफ्नो जीवनमा व्यावसायिक तथा व्यक्तिगत सफलता हासिल गरी राजनीति गर्न चाहने क्षमतावान् नेपालीलाई अन्य पार्टीमा सिधै नेतृत्व लिने अवस्था छैन । यस्तो अवस्थामा हाम्रो पार्टीको सदस्यता लिई सिधै पार्टीको सभापतिसम्म भएर नेतृत्व गर्ने अवसर सुनिश्चित गरिएको छ । पार्टी सभापतिको छनौट, पार्टीका सम्पूर्ण सदस्यहरुले मतदानमार्फत गर्नेछन् ।

**६. पार्टी सदस्यमा नै सार्वभौमिकता निहित**

पार्टीका कुनै पनि तहको निर्णयलाई सदस्यको बहुमतले उल्ट्याउन सक्नेछ ।

**७. पार्टी सदस्यलाई एजेन्डा, नीति तथा विचार उठाउने अधिकार**

पार्टीका कुनै पनि सदस्यलाई पार्टीभित्र आफ्नो एजेन्डा उठाउने स्वतन्त्र अधिकार छ । त्यस्तो अधिकारको अनिवार्य रुपमा सुनवाइ हुनेछ । र, त्यस्ता एजेन्डा पारित भएमा उक्त एजेन्डा, नीति तथा विचार पार्टीको आधिकारिक एजेन्डा, नीति तथा विचार बन्नेछ ।

**८. परिवर्तनशील नेतृत्व प्रणाली**

पार्टीमा केन्द्रीय सभापति, प्रदेश सभापति, जिल्ला सभापति र पालिका सभापति, दुई कार्यकालभन्दा बढी हुन पाइने छैन । उक्त कार्यकाल पार्टीको पहिलो महाधिवेशनपछि गनिनेछ ।

(लेखक राष्ट्रिय स्वतन्त्र पार्टी बिर्तामोड नगर समितिका सचिव हुन् )

# कारबाहीमा परेका खरेलले भ्रम फैलाएको ठहर

झापा(प्रस) । कारबाहीका लागि केन्द्रीय अनुशासन आयोगमा सिफारिस गरिएका पूर्व सभापति उमेश खरेलले आफूमाथि हुने कारबाही प्रभावित पार्ने अभिव्यक्ति र गतिविधि गरेको राष्ट्रिय स्वतन्त्र पार्टी झापाले ठहर गरेको छ ।

नेपालको मौजुदा कानुन अनुसार दुईवटा दण्डनीय अपराध गरेको अभियोगमा पार्टी शुद्धिकरण हेतु प्रमाणसहित कार्बाहीका लागि सिफारिस गरिएका व्यक्तिले अनुसन्धानको नतिजा नआउँदै अनावश्यक भ्रम छरेर आफूमाथि हुने कारबाही प्रभावित पार्ने अभिव्यक्ति र गतिविधि गरेको भन्दै पार्टीले सम्पूर्ण रास्वपाकर्मी र जिल्लावासीलाई सूचित गरेको हो । कार्यवाहक सभापति प्रकाश पाठकले एक प्रेस विज्ञप्ति जारी गरी जिल्ला अनुशासन आयोगले आवश्यक अनुसन्धान गरी कारबाहीका लागि केन्द्रीय अनुशासन आयोगमा सिफारिस गरिएको अवस्थामा गल्ती स्वीकार गरी प्रायश्चित गर्दै आफ्नो व्यवहार र चरित्र सुधार गर्नुको साटो सामाजिक सञ्जालको प्रयोग गरी जिल्ला समिति र जिल्लाका प्रमुख नेताहरुले पूर्वाग्रही भई आफूमाथि अन्याय गरेको , अधिवेशनमा पद हत्याउन गुटबन्दी गरेको, अन्य दलबाट आएकाहरुले राष्ट्रिय स्वतन्त्र पार्टी सक्न लागेको, पालिका अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वका कारण रास्वपाको भविष्य उज्ज्वल छैन, पार्टीमा विभिन्न गुट उपगुट बनाएर कसैको निजी जीवनको बारेमा लाञ्छना लगाइ चरित्र हत्या गरेर व्यक्तिको राजनीति र जीवन बर्बाद गरी फोहोरी राजनीति गरिरहेका छन् भन्ने खरेलले बारम्बार झुठा अभिव्यक्ति दिने गरेको उल्लेख गरेका छन् । यसबाट सम्पूर्ण झापावासी र आम रास्वपाकर्मीमा जिल्ला समिति, नेतृत्व र सिङ्गो पार्टीले पूर्वाग्रही भएर खरेलमाथि अन्याय त गरेको छैन भन्ने भ्रम सिर्जना भएकोले त्यसतर्फ नलाग्न आग्रह गरेका छन् । झापा जिल्लाबाट प्रदेशका विभिन्न विभागहरूमा सिफारिस गर्दा सदस्यहरुसँग तोकेरै रकम माग्ने, पार्टी सदस्य तथा जिम्मेवार पदाधिकारीबाट रकम उठाउने तर पार्टीमा नबुझाउने तथा २०८१ पुष ७ गते जिल्ला भेला गरिएको हलको भाडा तिर्नेक्रममा समेत आर्थिक अनियमितता गरेको प्रमाण भेटिएपछि गत फागुन ११ गते खरेलमाथि आवश्यक छानविन गरी कारबाही गर्न झापा जिल्ला समितिको पूर्ण बैठकको सर्वसम्मत निर्णयले जिल्ला अनुशासन आयोगमा सिफारिस गरिएको थियो ।




## भुलसुधार

सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.को २०८२ बैशाख २२ गते सोमबारको अंकमा धितोमा रहेको अचल सम्पति लिलाम बिक्री गर्नेबारे ३५ दिने जरुरी सूचनामा धन जमानीको विवरणमा एक ठाउँमा श्यामकुमार श्रेष्ठ हुनु पर्नेमा दुवैतर्फ एउटै नाम हुन गएकाले पुनः सच्याइ प्रकाशित गरिएको छ ।


## बिर्तामोड नगरपालिकाको

### अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

## ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२२

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित गरिएकाले प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत) चुक्ता गर्नुहुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा तपशिलका ऋणी वा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको विवरणः | धितो जमानत धनजमानीको विवरण |
|---|---|
| ऋणीको नामः बिरेन्द्र उदास | नामः बोरिस उदास |
| बाबुको नामः डिल्लीराम उदास | बाबुको नामः बिरेन्द्र उदास |
| बाजेको नामः गंगा बहादुर उदास | बाजेको नामः डिल्लिराम उदास |
| ना.प्र.नं.: ०४-०१-७३-०२२५३ | ना.प्र.नं. : ०४-०१-६९-०९१०० |
| जारी मितिः २०७३/०२/१७ | जारी मितिः २०६९/०८/१२ |
| ठेगाना स्थाईः बिर्तामोड ०७, झापा | ठेगाना स्थाई : अनारमनी ४ |
| ठेगाना हालः बिर्तामोड ०४, झापा | ठेगाना हालः अनारमनी ४ |

**धितोको विवरणः**
जग्गाधनीको नामः बिरेन्द्र उदास
बाबुको नामः डिल्लिराम उदास
बाजेको नामः गंगाबहादुर उदास
ठेगानाः अनारमनी १, झापा
सिट नं. १/१७९०१९८, १/१७९०१९८
कि.नं. ३४२ र १७८
क्षेत्रफलः ८४.६८ र ६७७.२६ वर्गमिटर

## नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा, फोन नं. ०२३-५३३०५६

(नोट– यसअघि मिति २०८२ बैशाख २२ गते सोमवार प्रकाशित सूचनामा धितोको विवरणमा पति भनेर गल्तीवश लेखिएकोमा त्यसलाई सच्याइएको छ ।)

Province Government
Ministry of Interal Affairs and Law
**Transport Management Office(TMO)**
Koshi Province, Birtamode, Jhapa

## INVITATION FOR DIRECT QUOTATION

Date of first publication : 2082-01-24 Bs ( 2025-05-07)

1.Transport Management Office invites Direct Quotation from duly registered eligible contractors for the following construction works under Direct Procurement procedure.

| Contract ID | Description and Location of works | Estimated cost (With VAT& PS) | Last Date of submission |
|---|---|---|---|
| TMO/WORKS/DQ-01/2081-082 | a. Project Name: Repair and Maintenance of Transport Management Office Building<br>b. Name of work: PCC & Concrete Pavement block on Floor, Granite on Stair & Tile Works on Passage & Toilet | Nrs.9,60,507.96 | 2082/01/30<br>During Office Hours |

2. Eligible contractors may obtain further information and Quotation Documents from Transport management office Jhapa.
3. Quotation opening date and time-2081/01/31 2:00 PM
Phone Number- 023-530264
Email address: tmo.jhapa@gmail.com.

**Office Chief**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पूर्वतयारी गरौं

**बेमौसमी वर्षामै उदयपुरमा एउटा बस बगेको छ। धेरै बाटाहरु अवरुद्ध भएका छन्। असार, साउन र भदौ महिना बढी वर्षा हुने समय हो। त्यसैले त यी महिनालाई बर्खाको समय पनि भन्ने गरिन्छ। यस वर्षको बर्खा सुरु हुन निकै बाँकी छ। पानी पर्न थालेपछि बर्खे खेतीको काम सुरु हुन्छ। दुई दिन लगातार पानी पर्यो कि बाढी, पहिरो र डुबानको सामना गर्नुपर्छ।**

**वर्षायाममा सुरु हुनसाथ नेपालीले वर्षेनि विपत्तिको सामना गर्नु परिरहेको छ। पहाडी क्षेत्रमा पहिरो गएर दुःख दिने गर्दछ भने तराई क्षेत्रमा डुबानले सताउने गरेको छ। प्राकृतिक प्रकोप बाजा बजाएर आउँदैन र कुनै स्थान र क्षेत्र तोकेर आउँदैन। यो आकस्मिकता भए पनि थोरै सावधानी अपनाउँदा जीवन जोगाउन सकिन्छ। तर पर्याप्त सावधानी नअपनाउँदा अकालमा जीवन जाने गरेको छ भने करोडौंको भौतिक क्षति हुने गरेको छ। नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर आदि प्रत्येक वर्ष आउँछन् र ठूलो परिमाणको मानवीय, भौतिक एवं अन्य क्षति पुर्याएर जान्छन्।**

**यस्ता प्रकोपबाट बँच्न पर्याप्त सावधानी नअपनाउँदा नै क्षति हुने गरेको छ। वर्षेनि हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्व तयारी नगर्नु, विपद् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नरहनु विडम्बना हो। प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदैन भन्ने कुरा सबैलाई थाहा छ। तर यस्ता प्राकृतिक विपत्तिको दीर्घकालीन समाधान नखोजिदा वर्षै पिच्छे एउटै समस्याबाट पीडित हुनुपरेको अवस्था छ। नेपालमा स्थानीय,प्रदेश र संघीय गरी तीन तहका सरकार छन्। तर प्राकृतिक जस्तो विपत्तिबाट आम जनतालाई जोगाउने र भौतिक क्षति कम हुने दिशामा एकरत्ति पनि सोंचेका छैनन्। विपद् जस्तो संवेदनशील विषय सरकारको प्राथमिकतामा पर्दैन। बर्खाको समयमा कति बेला कहाँ के हुन्छ कसैलाई थाहा हुँदैन। तर विपद् आउनुपूर्व नै विशेष सावधानीका उपायहरु अवलम्बन गर्न सकियो भने केही हदसम्म भएमा पनि क्षति हुनबाट बचाउन त सकिन्छ। त्यसतर्फ सरकार र सम्बन्धित निकायले सोच्न जरुरी छ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सगरमाथा संवादले दिने सन्देश



• भरत गौतम

प्रकृतिको सिर्जना हो मानव जीवन। मानवले प्रकृतिको देन र आफ्नो दायित्व भुल्नु हुँदैन। प्रकृतिको सामिप्यमा रहनुपर्ने र प्रकृतिको सन्तुलनको नियम पालना गर्ने मानवीय दायित्व हो। जैविक विविधताको अनुपम सम्बन्ध र सन्तुलनमा मात्र मानवको अस्तित्व र जीवनचक्र सञ्चालन हुन्छ। भूगोल, हावापानी अन्य प्रकृतिको सन्तुलनमा मानवको सुखद जीवन जिउन सकिन्छ। मानव प्रकृतिविरुद्ध होइन् प्रकृतिसित समाहित हुनु पर्छ।

पृथ्वीमा तापक्रम बढ्ने, बेमौसमी वर्षा, नयाँ र उन्मूलन भएका रोगव्याधिको बढोत्तरी, कृषि प्रणालीमा मौसमको प्रतिकूल प्रभाव, अकस्मात् विपत्को सामना, हिमालमा हिउँको मात्रा घट्दो अवस्था र पानीको स्रोत कमजोर हुनु, समुद्रको सतह बढ्दै जादा तटीय क्षेत्रमा डुबान हुनु जस्ता समस्याले विश्वमा हलचल ल्याएको छ। प्रकृतिको अप्राकृतिक दोहन र प्रतिकूल कार्यका कारण विश्व जलवायु परिवर्तनले प्रभावित छ। विकसित राष्ट्रले अत्यधिक प्रकृतिको दोहन गर्ने र पर्यावरणमा प्रतिकूल ग्यास उत्सर्जनले गरिब राष्ट्र प्रताडित छन्। जलवायु परिवर्तनको असर सीमारहित हुने हुँदा समस्याको भारी अल्पविकसित राष्ट्रले बोक्नु परेको छ। हिमशृङ्खलामा हिउँको मात्रा घट्दै जाने र पानीका स्रोतमा प्रतिकूलता देखिन थालेको छ।

नेपाल पनि जलवायु परिवर्तनको असर सामना गर्ने देशको अग्र सूचीमा पर्छ। हाम्रो भूबनोट र जैविक विविधताको सम्बन्धमा प्रतिकूलता देखिन थालेको छ। तापक्रम बढेका कारण हिमालमा हिउँको मात्रा क्रमशः घट्दै गएको छ। हिउँको घट्दो अवस्थाले पानीका स्रोत सुक्न थालेको छ। बेमौसमी वर्षाका कारण विपत्को अपत्यारिलो घटनाको सामना गर्नु परेको छ। मौसमको गडबडीले कृषि उत्पादनमा प्रतिकूलताको सामना गर्न बाध्य छौं। विभिन्न रोगव्याधिको बढ्दो अवस्था र रोकथाममा चुनौती देखिएका छन्। अत्यधिक गर्मीका कारण जीवन जिउन असजिलो भएको अनुभूति भएको छ। गत वर्ष असोजमा भएको बेमौसमी वर्षा र जनधनको क्षति एवं सोलुखुम्बु जिल्लामा भएको हिमताल विस्फोट जलवायु परिवर्तनको असरका प्रतिनिधिमूलक घटना थिए।

जलवायु परिवर्तनको असरको प्रतिकूलताविरुद्ध अन्तर्राष्ट्रिय मञ्चमा दह्रो उपस्थिति र जलवायु अनुकूलनका लागि गरिएका प्रयास सकारात्मक नै छन्। कोप सम्मेलनमा नेपालको सक्रयि सहभागिता, अन्तर्राष्ट्रिय न्यायालयमा नेपालले जलवायु परिवर्तनको असरको न्यायका लागि गरेको बहस र दाबी, संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेर्रेसलाई नेपालको हिमालको अवस्थाको अवलोकन गराउनु, राष्ट्रसंघको महासभामा नेपालमा जलवायु परिवर्तनको अवस्थाको प्रस्तुतिसहित अनुकूलनका लागि गरेका बहसपैरवी महत्वपूर्ण छन्। नेपाल जस्तै जलवायु परिवर्तनको असरमा प्रताडित देशसँग मिलेर सामूहिक दबाबका लागि प्रयत्न पनि भएका छन्। जलवायु परिवर्तनको असर, क्षतिपूर्तिको पहुँचसँगै आन्तरिक व्यवस्थापनका लागि नीतिगत व्यवस्था, संरचनागत जिम्मेवारी र सामूहिक प्रयास भएका छन्।

जलवायु परिवर्तनको असरले प्रभावित भएकाले कालापत्थरमा मन्त्रीपरिषद्को बैठक गरी नेपाल विश्वको ध्यान आकृष्ट गराएको थियो। जलवायु अनुकूलनका लागि फेरि विश्वको ध्यानाकृष्ट गर्न सगरमाथा संवादको विषय चर्चामा छ। यही जेठ २ देखि ४ गतेसम्म सगरमाथाको बेसक्याम्पमा सगरमाथा संवाद गर्ने कार्यक्रम तय भएको छ। विश्वको अग्लो हिमाल सगरमाथाको सेरोफेरोमा गरिने संवादको मुख्य उद्देश्य हाम्रा हिमालको अवस्थासँगै जलवायु परिवर्तनको असरको न्यूनीकरण गर्न विश्वमञ्चमा ध्यानाकृष्ट गर्दै अनुकूलनका लागि दबाब दिने प्रयत्न गरिने छ।

सगरमाथा संवाद जलवायु अनुकूलनका लागि सिर्जनात्मक र नवीनतम सोचका रूपमा हेरिएको छ। कार्यक्रममा राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सञ्चार माध्यम, सञ्चारकर्मी, जलवायु परिवर्तनका क्षेत्रमा रहेका प्राज्ञिक व्यक्तित्व, वातावरण संरक्षण र जलवायु परिवर्तनको असर न्यूनीकरणमा संलग्न संस्था, जिम्मेवार निकायका नेतृत्व, सरोकार पक्षसमेतको सहभागिता हुने भनिएको छ। जलवायु परिवर्तनको असर हिमालदेखि समुद्रसम्मका घटना र विषयमा बहस हुने बताइएको छ। जैविक विविधता र जनजीविकामा परेको असर, प्राकृतिक स्वरूपमा आएको परिवर्तन, जल र हावापानीमा परेको प्रतिकूल प्रभाव र विपत् जोखिमका अवस्थाबारे पनि बहस हुने अपेक्षा गरिएको छ। विश्वका आर्थिक रूपमा सबल राष्ट्रको उत्पादन प्रक्रियामा कार्बन ग्यास उत्सर्जनबाट भएका गल्तीको सजाय हामीले भोग्नु परेको, जैविक विविधता प्रतिकूलताको प्रभावले जनजीविका र अर्थतन्त्रमा प्रभावित भएको, तापक्रम वृद्धिले मानव स्वास्थ्यमा असर परेको र समग्र मानव जीवन प्रभावित भएको विषयमा बहस पैरवी हुनेमा जोड दिइएको छ।

विकसित देशले प्रकृतिको दोहन गरेका कार्बन उत्सर्जन भएको छ। जसले गर्दा कार्बन उत्सर्जन कम भएका देश अन्यायमा परेका छन्। अमेरिकाले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने विश्व अभियानबाट अलग हुने घोषणा गरेर विश्वलाई नै अचम्भित पारेको छ। आर्थिक रूपमा सम्पन्न देशले जलवायु अनुकूलनका लागि नेतृत्व गर्नुपर्नेमा पन्छिने प्रवृत्तिले समस्या समाधान गर्ने उत्साहमा अवरोध हुने आशङ्का गरिएको छ। जलवायु परिवर्तनको असरविरुद्ध हुने वैश्विक सामूहिक प्रयत्नमा अवरोध हुने हो कि भन्ने आशङ्का भएको छ। सगरमाथा संवादले विश्वको ध्यानाकृष्ट गरी हामी अन्यायमा परेको र अन्यायको क्षतिपूर्तिसहित जलवायु अनुकूलनका लागि दबाब दिनुपर्ने विषय सञ्चार माध्यममार्फत प्रसारित गर्ने उद्देश्य लिएको छ। संवादले हिमालदेखि समुद्रसम्मको जलवायु परिवर्तनले पारेको असर र अनुकूलनका लागि गर्नुपर्ने कामबारे सन्देश प्रसारित गर्ने छ।

नेपालले सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनयुक्त देश बनाउने वाचा गरको छ। जलवायु वित्त कोषमा पहुँचसँगै अनुकूलनका लागि प्रविधि विकास गरी निजी क्षेत्रको लगानी र अर्थतन्त्रको उत्पादनशीलता अभिवृद्धिका लागि सहयोग परिचालन गर्ने जनाएको छ। संघीय सरकारसहित सबै तहका सरकारले जलवायु अनुकूलनका सामूहिक प्रयत्न गर्ने उद्घोष गरेका छन्।

सगरमाथा संवादले राष्ट्रिय समस्याको अन्तर्राष्ट्रियकरण गर्ने छ। अन्तर्राष्ट्रिय अभियानमा नेपालको प्रयत्नको उजागर हुने छ। हिमालदेखि समुद्रसम्मको मानवीय जीवनमा परको असर र त्यसको रोकथामका लागि गर्नुपर्ने कामबारे उद्घोष हुने छ। मानवीय कारणले भएको जलवायु परिवर्तनको असरलाई मानवले नै आफ्नो बानी व्यवहारबाट अनुकूलन बनाउन जोड दिनुपर्ने निचोडमा पुग्न विश्व समुदायलाई आह्वान गर्ने छ। शासकीय क्रियाकलापमा समेत जलवायु अनुकूलनका लागि दबाब दिन, नीतिगत सुधार र प्रभावितलाई क्षतिपूर्ति दिन सगरमाथा संवाद सफल हुने अपेक्षा गरिएको छ।

सगरमाथा नेपालको गौरवसँगै अग्लो स्थानबाट संसारको ध्यानकेन्द्रित गर्न संवाद समयसापेक्ष नै रहेको छ। राज्यको तयारी, संवादमा छलफल हुने विषयसूची, सहभागीको सक्रियता, संवादको समाचारको कभरेज, संवादमा अन्तर्राष्ट्रिय जगत्को ध्यानाकर्षण गराउने रणनीतिलगायतका महत्वपूर्ण विषयको तयारी र कुशल व्यवस्थापनले कार्यक्रम प्रभावकारी हुने छ। अन्तर्राष्ट्रियस्तरको समस्या भएकाले नेपाल जस्ता साना मुलुकले गर्न लागेको कार्यक्रममा अन्तर्राष्ट्रियस्तरको सहभागिता बढाउन विशेष पहल गर्नु पर्छ। विश्व समुदायले जलवायु परिवर्तनको प्रतिकूलताविरुद्ध ऐक्यबद्धता हुने अवसर पनि भएकाले प्रभावकारी सहभागितामा जोड दिन आवश्यक छ।

विश्वमा जलवायु सङ्कट नआओस्, हिन्दकुश हिमालदेखि समुद्रसम्मको मानव जीवन सुखद होस्, जैविक विविधताको प्राकृतिक नियममा बाँधिऔँ र हाम्रो पृथ्वी बचाउन सबैमा जागरण आओस् भन्ने विषयमा सगरमाथा संवादले विश्वलाई जागृत गर्न सक्ने अपेक्षा गरिएको छ। हामी सुखी हुन प्रकृति खुसी हुनु पर्छ भन्ने भावनाको उद्घोष गर्दै संवादले विश्वमा जलवायु अनुकूलनको अभियानमा सबैलाई सचेत गर्ने छ। संवादपछिको माहोल सकारात्मक बनाउने योजनामा सबै लागौँ, जलवायु सङ्कटमा विरुद्ध जागौँ।

# सरकारी कार्यक्रमले जगाएको आशा



• सन्तराम बिडारी

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्‌को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारका नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले पटक पटक अघि सार्दै आउनुभएको समृद्धिको सपनातर्फ केन्द्रित यस वक्तव्यले जनतामा नयाँ आशा र भरोसा जगाएको छ। यो नीति तथा कार्यक्रमले समावेशी विकास, दिगो समृद्धि, सुशासन, सामाजिक न्याय र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने स्पष्ट खाका प्रस्तुत गरेको छ तर यसलाई मूर्त रूप दिने विषय भने सरकारले आगामी जेठ १५ गते ल्याउने बजेट र त्यसको कार्यान्वयन पक्षले नै निर्धारण गर्ने छ।

सरकारको नीति तथा कार्यक्रमको पहिलो बुँदामै गणतन्त्रका विरुद्ध प्रतिगामी गतिविधि प्रतिवाद गर्ने उल्लेख छ। संविधानको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको सुदृढीकरण र यसका विरुद्ध हुने कुनै पनि प्रकारको प्रतिगामी-पुनरुत्थानवादी अराजक गतिविधिलाई प्रतिवाद गर्ने सङ्कल्प छ। पछिल्लो समय बढ्दै गएको राजावादीको अराजक गतिविधिविरुद्ध यो अत्यावश्यक नीति र नेपाली जनताको जनादेशसमेत हो। त्यस्तै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न तथा लोकतन्त्रको सुदृढीकरण गर्दै यसलाई जनताको जीवनसँग जोडी सामाजिक न्याय र समाजवादका आधार तयार गर्न पनि नीतिमा जोड दिइएको छ। राष्ट्रिय एकता सुदृढ पार्दै मुलुकमा राजनीतिक स्थायित्व कायम गर्न तथा त्यसैको माध्यमबाट नीतिगत स्थायित्व सुनिश्चित गर्न नीति तथा कार्यक्रमले मार्गनिर्देशन गरेको छ।

त्यति मात्र होइन, संविधानको समीक्षा गर्दै यसका सबल पक्षलाई थप सुदृढ गर्ने र कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरी सच्याउन सहमतिका आधारमा संशोधनको प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता गरेको पाइन्छ। साथै अर्थतन्त्रका विद्यमान शिथिलता अन्त्य गर्दै विश्वासिलो व्यावसायिक वातावरण तयार पारी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त तथा मर्यादित रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको देखिन्छ। 'उद्यमशीलतामैत्री शिक्षा' को नीति अपनाई श्रम क्षेत्रमा रहेको सिपयुक्त श्रमशक्तिको अभाव र सिपहीन श्रमशक्ति जगेडा रहने अवस्थाको अन्त्य गर्ने र यसका लागि हालको पाठ्यक्रम, सिकाइ र अध्यापन विधिमा व्यापक सुधारमा जोड दिने उल्लेख छ।

उद्यमशीलताको माध्यमद्वारा आन्तरिक रोजगारी सिर्जना गरी आयआर्जनका अवसर वृद्धि गर्ने, सबै उद्यममा ' बिजनेस प्लान' र त्यसको 'इकोसिस्टम' निश्चित गरी 'जेन्जी पुस्ता' लाई विशेष प्राथमिकतामा राखी युवाकेन्द्रित 'स्टार्टअप' कार्यक्रम सुरु गर्ने नीतिलाई महत्व दिइएको छ। यस्तै स्वास्थ्यसेवालाई सुलभ र पहुँचयोग्य तुल्याउन पूर्वाधार विस्तारसँगै सेवाप्रदायक अस्पताल, स्वास्थ्य जनशक्ति र सेवाग्राहीबिचको असन्तुलन हटाउँदै स्वास्थ्यसम्बन्धी सबै सहायता र सहुलियतका कार्यक्रमलाई स्वास्थ्य बिमा सेवामा आबद्ध गर्न मह□व दिएको, सरकारका निकायबाट सञ्चालित कार्यक्रम उद्यमशीलताको विकास, उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनामा केन्द्रित गरी तीन तहका सरकारबिचको सहयोग, समन्वय र सहकार्यमा कृषिको व्यवसायीकरण र पूर्वाधार निर्माण गर्ने नीतिलाई जोड दिइएको देखिन्छ।

स्थानीय तहदेखि केन्द्रसम्म सरकारी सेवामा इन्टर्नलाई प्रयोग गर्ने र स्नातक तहभन्दा माथिका विद्यार्थीलाई विभिन्न अनुसन्धान संस्थामा आबद्ध गर्ने, हप्तामा बढीमा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी 'कमाउँदै-पढ्दै' को नीति लागु गर्न प्राथमिकता दिइने, नागरिक एपलाई सेवा प्रदान गर्ने मुख्य डिजिटल उपकरणका रूपमा विकास गरी सम्भव भएसम्मका सबै सेवा अनलाइन माध्यमबाट गर्नेतर्फ जोड दिने र राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता र नेपाल राष्ट्र तथा नेपाली जनताको सर्वोपरि हितलाई केन्द्रमा राखी सुदृढ र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्ने नीतिमा जोड दिइने उल्लेख छ। संसद्मा विचाराधीन र नयाँसहितका केही महत्वपूर्ण विधयेक चालु संसद्को यसै अधिवेशनबाट पारित गर्ने प्रतिबद्धता व्यक्त भएबाट यसले राजनीतिक अन्योलतालाई पनि चिरेको छ।

यस्तै नीति तथा कार्यक्रममा उत्पादनमा आधारित अर्थतन्त्र निर्माण, युवालाई स्वदेशमै रोजगारी, उद्यमशीलता प्रवर्धन र लघु, साना तथा मझौला उद्योगको प्रवर्धनमा जोड दिइएको छ। विशेषतः युवालक्षित स्वरोजगार कार्यक्रम, सिप विकास तालिम र व्यावसायिक कृषि प्रवर्धनले ग्रामीण अर्थतन्त्रमा सुधार ल्याउने अपेक्षा गरिएको छ। यो कार्यक्रमले नेपालमा बढ्दो बेरोजगारी समस्याको सम्बोधन गर्ने सङ्केत दिन्छ। यसको सफल कार्यान्वयनका लागि स्पष्ट बजेट, क्षमता निर्माण र निजी क्षेत्रसँग सहकार्य अपरिहार्य हुन्छ। सरकारले विशेष गरेर आर्थिक क्षेत्र अन्तर्गतका परियोजनाको प्राथमिकीकरण गर्न खोजेको छ। उपयोगी नहुने संस्था खारेज गर्ने, परिणाममा आधारित अनुगमन, मूल्याङ्कन परिपाटीलाई अगाडि बढाउने र नतिजा परिणाममुखी बनाउन जोड दिएको छ। उद्योग तथा व्यवसायको पक्षमा नीति क्षेत्रलाई आत्मविश्वास जगाउने खालका व्यवस्था गरेको छ। अझ सरकार, निजी र सहकारीको अवधारणामा जाने भनिएको छ।

नीति तथा कार्यक्रमले १६ औं आवधिक योजनाले लिएको एजेन्डा, दिगो विकास लक्ष्यले लिएका विषय र विगतका वर्षमा गरेका महत्वपूर्ण सामाजिक तथा आर्थिक कार्यक्रम तथा समग्र समृद्धिका लागि लिएका कार्यक्रमलाई ठोस रूपबाट बजेटले समेट्न जरुरी छ। वित्त नीति र मौद्रिक नीतिलाई संयोजन गर्ने, व्यावसायिक वातावरण सुधार गर्ने र अध्यादेशमार्फत ल्याइएका कानुनलाई कार्यान्वयन गर्ने भनेको छ। यसर्थ समग्रमा यो निजी क्षेत्रमैत्री छ। जसलाई व्यावसायीले समेत स्वागत गरेका छन्। सरकारले आगामी आवका लागि तय गरेको नीति तथा कार्यक्रमले नयाँपन दिन खोजे पनि बजेटले समेट्नेदेखि कार्यान्वयन पक्ष कस्तो हुन्छ भन्नेमा सरोकारवालाको प्रश्न छ। यद्यपि आगामी आवमा सरकारले विकास निर्माणका क्रममा देखा परेका कमीकमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्ने भनिएको छ। विगतमा विभिन्न सरकारद्वारा घोषणा गरिएका भौतिक पूर्वाधार क्षेत्रका सबै परियोजनाको पुनः प्राथमिकीकरण गरिने छ। परियोजनालाई वर्गीकरण गरी आगामी आव २०८२/८३ मा सम्पन्न हुने र यस संसद्को अवधिभित्र सम्पन्न हुने गरी समयतालिका निर्धारण गर्ने, निर्माणाधीन तथा निर्माण गर्नुपर्ने सबै परियोजनाका लागि आवश्यक स्रोतको आकलन गरी सम्पन्न हुने सम्भावना नभएका परियोजना स्थगन गर्ने र त्रुटिपूर्ण परियोजना खारेजसमेत गर्ने उल्लेख गरेको छ।

सरकारको नीति तथा कार्यक्रममा बिजुली उत्पादन, सडक निर्माण, विमानस्थलको स्तरोन्नति, डिजिटल पूर्वाधार विस्तार जस्ता विषय प्राथमिकतामा परेका छन्। जलविद्युत् परियोजनामा गति दिने उल्लेख गरिएको छ। पूर्वाधारमा लगानीले दीर्घकालीन समृद्धिको आधार तयार पार्न सक्छ। पुराना योजनामा देखिएको ढिलाइ, भ्रष्टाचार र कार्यान्वयन क्षमताको अभाव समाधान नगरेसम्म लक्ष्य अपूरो नै रहने छ। यसतर्फ भने सरकारको ध्यान जरुरी छ।

नयाँ नीति तथा कार्यक्रममा सुशासन, पारदर्शिता, सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग र भ्रष्टाचारविरुद्ध कडा नीति लागु गर्ने घोषणा गरिएको छ। राजनीतिक इच्छाशक्ति र संस्थागत सुधारबिना यस्ता प्रतिबद्धता बारम्बार घोषणामा मात्र सीमित भएका छन्। यसपालि प्रभावकारी अनुगमन संयन्त्र, नागरिक सहभागिता र दण्डहीनता अन्त्यमा जोड आवश्यक छ। साथै जनमुखी कार्यक्रम, प्रदेश र स्थानीय सरकारसँग सहकार्य गर्ने प्रतिबद्धताका साथै नवप्रवर्तन र प्रविधिलाई जोड दिँदै डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा जोड दिइएको देखिन्छ। त्यसो त नीति तथा कार्यक्रम कार्यान्वयनमा केही चुनौती नभएका होइनन्। राजस्व सङ्कलनको सीमितता छ। खर्च वृद्धि भएता पनि स्रोत परिचालन अझै चुनौतीपूर्ण छ। यस्तै अघिल्ला वर्षका नीति तथा कार्यक्रम कागजमै सीमित भएका उदाहरण प्रशस्त छन्। यसले पनि केही आशङ्का नथपेका होइनन्। राजनीतिक स्थायित्वको अभावले नीतिहरूको निरन्तरता र प्रभावकारितामा बाधा पुर्‍याउँछ भन्ने धेरैले आशङ्का गरेका छन्। कार्यान्वयनको स्पष्ट खाका, प्रत्येक कार्यक्रमको समयसीमा, जिम्मेवार निकाय र निगरानी संयन्त्र तय गरेमा सहज ढङ्गले परिणाम आउने देखिन्छ। समग्रमा २०८२/८३ का लागि प्रस्तुत नीति तथा कार्यक्रमले जनतामा आशा जगाउने प्रयास गरेको छ। सफल कार्यान्वयनका लागि सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदार सबैको समन्वय आवश्यक छ। सरकारको नीति तथा कार्यक्रम मुलुकको यथार्थ समेटेर प्रस्तुत भएको छ। अहिलेको वास्तविक अवस्थालाई यो संयुक्त सरकारको अवधारणामा प्रतिविम्बित पारिएको छ। सरकारले यसलाई पारदर्शी तरिकाले लागु गर्न सकेन भने यो फेरि घोषणा मात्र बन्न सक्छ। यसतर्फ सरकारको ध्यान जान आवश्यक छ। सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रगतिशील, व्यावहारिक र जनमुखी रहेको देखिन्छ। नीति तथा कार्यक्रम देशमा व्याप्त गहिरो निराशा हटाउन, जनतामा आशा र उत्साहको सञ्चार गर्न पक्कै सफल हुने छ।

# सुधीर शर्मा बरु बोल्छन्, एमाले नेता किन बोल्दैनन् ?



• प्रा.डा. बद्रीविशाल पोखरेल

वरिष्ठ पत्रकार तथा लेखक सुधीर शर्माको हिमालपारिको हुरी नामको विशिष्ट महत्वको कृति हालसालै प्रकाशित भएको छ। त्यस कृतिमा ओली सरकारलाई संसद् विघटनको निहुँमा बाह्य शक्तिको दवावमा हटाइयो भन्ने कुरा स्पष्टरुपमा उल्लेख छ। यस्ता सही सत्य सूचना मसिनो गरी अध्ययन गर्दा थाहा पाइन्छ। जरा अभियानका क्रममा एमाले र प्रधानमन्त्री ओली उपर थोपर्न खोजिएका अनेक लाञ्छनाबारे एमाले जन अझै अलमल्लमा परेको छ। उपर्युक्त विषयका तथ्य कुरा आम कार्यकर्ता र जनतालाई बुझाउन सकियो भने मात्र पार्टी प्रभावमा गुणात्मक बृद्धि हुन्छ तर तिनमा आधारित तथ्य सत्य कुरा जरा अभियानमा प्रायः बुझाएको पाइन्न।

प्रतिनिधि सभा विघटन गर्न बाध्य स्थिति,कम्बोडिया प्रकरण,गिरीबन्धु टी इस्टेट,कुलमान घिसिङ प्रकरण, राजतन्त्र र गणतन्त्र आदि विषयमा सुस्पष्ट पार्न सकियो भने मात्र चौरासीमा एमालेको विपक्ष मुद्धाविहीन हुने थियो। नत्र यही मुद्धाको फन्दामा अधिकांश एमालेजन पर्ने देखियो। जरा अभियानका क्रममा अगुवा कार्यकर्तालाई नै प्रश्न गर्दा उनीहरु धेरै जसो आफैँ अलमल्ल परेको देखियो तर पनि जानिन र सिक्नु पर्छ भन्दैन। प्रधानमन्त्री ओलीद्वारा विघटित संसद् पुनःस्थापित गरे पनि न्यायालयले भावी प्रधानमन्त्रीको नाम नै किटेर र समयावधि तोकेर प्रतिनिधि सभालाई प्रधानमन्त्री बनाउन ठाडो निर्देश गरेको थियो। यो त हद दर्जाको गैरसंसदीय कुरुप दृश्य नेपालमा देखियो। यो संसदीय अभ्यासलाई धज्जी उडाएको विषय हो। एमालेका विरुद्ध पश्चिमा शक्ति के कति नग्न रुपमा प्रकट हुन्छ र हुन सक्छ भन्ने एउटा दृष्टान्त हो। ओलीले देश र जनताका निमित्त बैमान नहुँदाको यतिसम्मको खेदो पाइलो गरेको हो। यस्ता कुरुप,नग्न तथा भद्दा विषयको पक्षपोषण प्रा.डा. युवराज संग्रौला थरि ओकिलको चुरीफुरी लज्जाजनक देखिन्छ। त्यस खालका ओकिललाई उपर्युक्त खालका गम्भीर प्रश्न तेर्स्याउने हो भने तिनको ओठमुख सुक्ने थियो तर बोली बिक्ने स्थान र मानको नेता बोल्दैनन्। कथित पदीय हैसियत बिनाको व्यक्तिले बसेर र उठेर बालेको धेरैले सुन्दैनन्। तैपनि तिखा कलमले निद्रा नै भगाउने गरी बोल्दा भण्डारी,संग्रौला र दाहाल थरि ओकिलहरुको होस उडेको तिनका फुस्रा अनुहारबाट थाहा हुन्छ।

नेपालको बाम प्रजातान्त्रिक आन्दोलनमा जननेता मदन भण्डारीको विशिष्ट योगदान र भूमिका नै नदेख्ने र नबुझ्ने संग्रौला नामका बामपन्थी कामका दक्षिणपन्थी हुन्। बरु सुधीर शर्माहरु सन्तुलितरुपमा स्वस्थ्य आलोचनासहित प्रायः सकारलाई स्वीकार्छन्। राष्ट्रप्रेमलाई सर्वोपरि राख्ने शर्मा केसी,दाहाल,आचार्य आदि नामनामेसी कथित विश्लेषकभन्दा धेरै माथि छन्। तिनको जस्तो तथानामे, बतासे, बेतुके र देशप्रति चरम निराशा फैलाउने काममा शर्मा लागेको देखिएको छैन। तर एमाले अधिकांश उपल्ला जनहरु मित्रचिन्न, बनाउन र बढाउन पनि जान्दैनन्। आफ्नै पार्टी र सरकारका सकार भाँती पारेर बोल्न पनि नजानेको धेरै सभामा मैले सुनेको छु। कोशी प्रदेश पार्टीको आयोजनामा दमकमा सम्पन्न वृहत् जनसभामा त्यहाँको बिजनेश टावर र गिरीबन्धु टी इस्टेट कम्पनी विषयक भ्रमहरु काइयोले कोरेझैँ कोरेर हटाउने प्रयत्न झापा जिल्लाभरि गरेको भए दमकबाट नै कम जनसहभागिता हुँदैनथ्यो होला।

झापा र अझ दमक नगर पालिकामा चौतर्फी रुपमा धेरै काम भएका छन्। सामन्तवादले आम श्रमजीवी जनताको खुन पसिना चुसेर खोक्रो बनाए पनि तिनलाई आफ्नो सत्ता,शक्ति सरकारको परमभक्त र दास बनाएको छ र बनाउन सफल भएको छ। तर एमालेहरु देश र जनताका हितका लागि अनेक महत्वपूर्ण काम गरे पनि तिनलाई अत्यन्त निकट राख्न सकिरहेको छैन। प्रगतिशील संस्कृति र सांस्कृतिक रुपान्तरण जस्ता समाजलाई गुणात्मक परिवर्तन गर्ने पक्षमा शून्य चेत हुँदा जनहितमा समर्पित शक्ति र पार्टी प्रति उल्टो जनवितृष्णा बढ्ने खतरा देखिन्छ। सामन्तवादले जनविरोधी सारतत्वका कविता,गीत,सूक्ति,श्लोक,भजन र उक्तिलाई कला र गलाले सुन्दर आकर्षक मनमोहक बनाएर आम जनतालाई प्रभावित पार्छ तर त्यही नकारबाट सिकेर आम श्रमजीवी जनतालाई एमाले नेता,कवि साहित्यकार र कलाकार राम्रो कामलाई राम्रै तरिकाले भन्न सकिरहेका छैनन्।

पञ्चभेला जस्तो खालको भेला र जनसभाबाट केही उपलब्धि हासिल हुँदैन। त्यही सभामा पनि ओलीबाहेक अरु वक्ता नेताले एमाले उपर लगाइएका तमाम भ्रम र फरेबबारे तथ्य कुरा जनसभालाई सुसूचित गरेनन्। यसमा कोशी प्रदेश इन्चार्जले उपयुक्त विषयमा प्रवेश चाहिँ गरेका थिए। मुख भए मुलुक पाइन्छ तर त्यही मुखले भाँती पुऱ्याएर एकाध नेताले नबोल्दा आन्दोलनमा क्षति पुग्ने खतरा देखियो। राजसा महासङ्घको नवौँ राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा दुई जना उपल्ला तहका नेताले मार्क्सवाद र जबजको ठीक विपरीत जन सांस्कृतिक विचार प्रवाह गरे। तिनले मार्क्सवाद र जबजले शिष्ट,शालीन,अनुशासित र मर्यादित प्रेमलाई सकार र स्वीकार गरेको विषयका विरुद्ध बोल्दा बुझ्नेहरुले शरम मानेका थिए। अझ एकजनाले आफूले राजनीति र राजकीय तहमा पटक पटक विभिन्न अवसर पाएर पनि धेरै दुःखेको गरे। त्यस कार्यक्रमको उद्घोषण कलाको भने सबैले तारिफ गरे।

सुधीर शर्माले अब अनि नामको आफ्नू एक मिडियामार्फत् दमकमा निर्माण गरेको भव्य बिजनेस टाबर र त्यसको दक्षिणतिर सरकारले नै घेराबारा गरी सुरक्षित गरेको ३०० विघा जमिन बारेको सत्यतथ्य उजागर गरेका थिए। शर्माले चीनको लगानी र सरहयोगमा उक्त जग्गामा विभिन्न खालका नेपाल जस्ता मुलुकलाई अत्यावश्यक पर्ने विभिन्न खालका प्रविधि निर्माण, उत्पादन र वितरण गर्ने योजना बनेको थियो। यसमा चीन उत्साहित थियो। भारतबाट २० किमि उत्तरको उक्त औद्योगिक ग्रामका विरुद्ध भारत सरकार नाखुश भएपछि उक्त योजनामा ढिलाइ हुन गएको शर्माले नै बताए। अनि दमक उत्तरको टावरमा औद्योगिक ग्रामबाट उत्पादित वस्तुहरु भण्डारण गर्ने र वितरण गर्ने महत्वाकांक्षी योजना थियो भन्ने कुरा शर्माले उल्लेख गरेका छन्। यस्ता सही सत्य कुरा एमाले नेताहरु कम्तीमा फेसबुकमार्फत् किन प्रचारित गर्दैनन् ? अचम्म र उदेक लाग्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाले शिक्षा मन्त्री हुँदा त्रिविको स्थापना तत्कालीन कीर्तीपुरको दिउँसै स्यालको बथान कुद्ने पाखा अर्थात् ट्याङ्ला टारमा गरेका थिए। यस वापत देवकोटा धेरै आलोचित भएका थिए। दुरगामी र दुरदर्शी योजना भविष्यको नयाँ सहर निर्माणसित सम्बन्धित हुन्छ। त्यसैले एमाले र ओली नेतृत्वले देश र जनताका सर्वोपरि हितका कामहरु किन उल्लेख गर्दैनन् ? अझ यसमा प्रचार, प्रसार र प्रकाशन विभाग र प्रेस चौतारी किन मुकदर्शक भएका हुन् ? पिठो बेच्नेहरु अथक रुपमा लागिरहेका देखिन्छन् तर यतातिरका संस्था संगठन र नेतृत्व हात, कलम र ओठ बाँधेर बसेको देखिन्छ। पार्टी र जनसंगठनका ससाना बैठक र भेलामा भएभरका नेता मञ्चमा अटेसमटेस गरेका चार घण्टा बिताउँछन्। तर रचनात्मक सिर्जनात्मक काम एक थोपो गरेको देखिन्न। जरा अभियानमा सतही भाषण गर्दा गर्दै समय बितेको देखिन्छ। जननेता मदन भण्डारी पार्टीको जति उपल्लो तहमा पुग्नु हुन्थ्यो उति धेर अध्ययन गर्नु हुन्थ्यो भन्ने कुरा नेता अशोक राईले उल्लेख गर्नु भएको छ। तर यो विषय पूरै ओझेल परेको र पारिएको छ।

अध्यक्ष ओलीले भन्नु भएझैँ हरेक काम र कदम प्रभावशाली र आकर्षक जनताको मन खिच्ने हुनुपर्छ।

उपल्ला तहका अधिकांश नेता र नेतृत्वले समय,स्रोत र साधनको भरपूर उपयोग गरेको देखिन्न। एउटा नेताको दैनिकीबाट के ठोस उपलब्धि भयो भनेर समीक्षा र आत्मसमीक्षा गर्ने हो भने अधिकाशतः शून्य नै अनुभूत हुन्छ। पार्टी अध्यक्ष ओलीले नै भनेअनुसार एक वाक्य, एक कदम र एक फड्को सार्थक र शिक्षाप्रद र परिणाममुखी हुनुपर्छ। एउटा नेताले चामल बोल्ने कि भुसमात्र ओकल्ने ? एउटा बाम वा एमाले नेताको सार तत्व झल्किने बहुआयामिक व्यक्तित्व उजागर हुनुपर्छ। व्यक्ति, पार्टी तथा संगठनको समय साधन र स्रोतको अपव्यय गर्नु हुन्न तर अहिले प्रायः त्यस्तै देखिन्छ। जनसङ्गठन समन्वय संयन्त्र पुस्तिकाबाट एमाले र जनसंगठनका नामहरुले पार्टी पहिचान दिन्छन् तर सारमा यसमा एमाले अन्तर्य उक्त पुस्तिकामा शून्य देखिन्छ। अवधारणा पत्र अत्यन्त सतही देखियो। सिद्धान्त संगठन र सिर्जना जस्ता त्रिआयामिक विशेषता उल्लेख गरिएको पाइएन। एमालेका जनसंगठन पञ्च र प्रपञ्चको जस्तो संगठनहरु होइनन्। बरु तिनले सामन्तवादको संस्कृतिलाई जब्बर रुपमा हरमोर्चामा प्रबल प्रतिनिधित्व गर्छन् ,गर्थे र तर एमालेका हर जनसंगठनलाई प्रगतिशील चेत चिन्तन र रुपान्तरण गर्ने विषयसम्म उठान गरिएको देखिन्न। जनसंगठनको नेतृत्व तहलाई सही मार्क्सवादी धार र कलात्मक हस्तक्षेपबारे राम्ररी बुझाउनु पर्छ। मार्क्सवादी र जबजका आधारभूत विषय बुझाउन सकियो भने तिनमा घुनपुत्ली लाग्दैन र नेतृत्व र संगठन चुरोयुक्त हुन्छ र यस खालको नेतृत्व सतिसालझैँ सय वर्ष खडा हुन्छ। यस खालका गुदीदार कर्म नगर्दा साधन, स्रोत र समयको दुरुपयोग पनि भएको देखियो। जननेता मदन भण्डारीले ४० वर्षकै उमेरमा नेपाली कम्युनिस्ट आन्दोलनलाई मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनलाई दुरगामी तथा दुरदर्शी योगदान गर्नु भयो।

आदरणीय मोहन विक्रम सिंह जस्तै मदन ८० वर्ष जीवित हुनु भएको भए स्थिति कस्तो हुन्थ्यो भन्ने स्वयं सिंहले सोचे हुन्थ्यो। नाबाकाद अर्थात् नामका बामपन्थी कामका दक्षिणपन्थी पहिचानमा मात्र रमाउने सिंहका बारेमा धेरै भन्नु पनि छैन। १५ वर्ष पार्टी अध्यक्ष भएका माधवकुमार नेपाल र १० वर्ष पार्टी अध्यक्ष हुनु भएका के.पी.शर्मा ओलीका कार्यकालको तुलना आकाश जमिनजस्तै फरक देखिन्छ। दृढ इच्छाशक्ति भएका सतिसालझैँ सिर्जनात्मक रुपमा खडा भएका नेता र कार्यकर्ता एमालेमा नभएका होइनन्। जबज र जननेता मदन भण्डारीको शिक्षण सिकाइका योग्य व्यक्तिलाई उचित स्थान दिँदा यो पार्टी सबल नबन्ने कुरै छैन तर धनले मात्र धन कमाउँछ। ऋणले त ऋण नै बढाउँछ। जमराले आफ्नो ज्यानै त जोगाउन सक्तैन। यस्तो नेतृत्वबाट कुनै आशाभरोसा गर्नै सकिन्न। यसै सन्दर्भमा प्रेस चौतारीका नवनिर्वाचित अध्यक्ष गणेश पाण्डेले सम्पादन गरेको केपी शर्मा ओली व्यक्तित्व कृतित्व अत्यन्त उल्लेखनीय र त्यहाँ नेता विष्णु रिमाल लिखित लेख भने अध्ययनको महत्वपूर्ण पाठ्यसामग्री रहेको पाइन्छ।

(इटहरी निवासी लेखक मदन भण्डारी फाउण्डेशनका केन्द्रीय सदस्य हुन्।)

## नगरपालिकाको प्रशासनिक भवनमा तालाबन्दी

दमक(प्रस)।झापाको दमक-९ मा रहेको सामुदायिक विद्यालय सरस्वती माध्यमिक विद्यालयले दमक नगरपालिकाको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेको छ।सरस्वती माविको नाममा दमक- ८ मा रहेको जग्गामा निजी विद्यालय सञ्चालन हुँदा पनि दमक नगरपालिकाले नहटाएको भन्दै सरस्वती माविले मंगलबार तालाबन्दी गरेको हो विद्यालयको नाममा रहेको जग्गामा गडमदर एकेडेमी एन्ड टेक्नोलोजी नामक निजी विद्यालय सञ्चालन भइरहेको छ।उक्त विद्यालयलाई नयाँ शैक्षिक सत्रदेखि हटाउने गरी गत भदौमा दमक नगरपालिकाले निर्णय गरेको थियो। नयाँ शैक्षिक सत्रको वैशाख अन्तिम भइसक्दासमेत नहटाएको भन्दै नगरपालिका कार्यालयको मुख्य प्रशासनिक भवनमा अनिश्चितकालीन तालाबन्दी गरिएको सरस्वती मावि व्यवस्थापन समिति अध्यक्ष रेवतराज पुरीले जानकारी दिए। 'हामीले ३ वैशाखमा एक हप्ताभित्र हटाउन भनेर ज्ञापनपत्र दिएका थियौँ। नगरपालिकाले प्रतिबद्धता पूरा नगरेपछि अनिश्चितकालीन तालाबन्दी गर्नुपरेको हो,' उनले भने, 'नगरपालिकालाई पटक-पटक लिखित र मौखिक अनुरोध गर्दा पनि विद्यालयको जग्गाबाट निजी विद्यालय नहटाएपछि हामी बाध्य भएर अनिश्चितकालीन तालाबन्दी गर्न पुग्यौँ।'

गडमदर नामक निजी विद्यालयले सुरुवातमा सरस्वती माविसँग सम्झौता गरेर विद्यालय सञ्चालन गरिरहेको थियो।

तर, ०७३ मा पाँचवर्षे सम्झौता सकिएपछि सरस्वती माविले सम्झौता गरेको छैन। उसले ०७३ सालदेखि नै अनधिकृत रूपमा सामुदायिक विद्यालयको जग्गामा निजी विद्यालय सञ्चालन गरिरहेको सरस्वती माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुरीले जानकारी दिए।

तालाबन्दीपछि दमक नगरपालिकाको दैनिक कामकाज अवरुद्ध भएको छ। कार्यालयमा तालाबन्दी भएपछि कर्मचारीहरू नगरपालिका परिसरमै बसेका छन्।

## कर्मचारी कुट्ने पशु चिकित्सकलाई कार्वाही गरिदैँ

झापा(प्रस)। आफूभन्दा जुनियर कर्मचारीलाई कार्यालयभित्रै आवेशमा कुट्ने झापाको भद्रपुरस्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका पशु चिकित्सकलाई कार्वाही हुने भएको छ। सोमवार दिउँसो ४.५७ बजे सातौ तहका पशु चिकित्सक डा. सुजन राईले आफू मातहतका कर्मचारीहरुलाई कुटेका हुन्। उनलाई विभागीय कार्वाही हुने भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कार्यालय प्रमुख शितल भट्टराईले जानकारी दिइन्। ' सोमवारको घटनाबारे मंगलवार बिहान दुवै पक्षबीच प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा छलफल भएको छ 'उनले भनिन्,' घटनाको छानबिन गर्न मन्त्रालयको निर्देशनालयको टोली पनि आउँदैछ।' पशु चिकित्सक डा. राईले प्राविधिक सहायक पाँचौ तहका रोहित महतलाई कार्यालयभित्रै कुटेका हुन्। भण्डारण कक्ष हेर्ने गरेका महतसंग सिमेन माग्दा यसअघिको पाँच सय रुपैयाँ नतिरेको भनेपछि राईले महतमाथि एक्कासि मुक्का हानेको बताइएको छ।

दुवैबीचको कुटाकुट छुट्याउन जाँदा चौथो तहका अर्का प्राविधिक दिवाकर सुनरोहित पनि घाइते भएका छन्। राईले हातमा बोकेको हथौडा उनको टाउकोमा लागेको थियो। दुवै घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो।

## जन्मदिनमा राहत कोषमा सबुको सहयोग




झापा(प्रस)। टिकटक कलेक्सन, चाइना मार्केट र विरयानी हाउसकी सञ्चालक हुन् सबु चुँडाल। समाजमा केही गर्नु पर्छ भन्ने मान्यता राखेकी उनले आफ्नो जन्मदिन फरक तरिकाले मनाइन्। बिर्तामोड उद्योग वाणिज्य संघमा आफ्ना श्रीमान् शिव चुडालसहित आएकी उनले संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषमा रकम प्रदान गर्दै सबुले मंगलवार आफ्नो जन्मदिन मनाएकी हुन्।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई २१ हजार एक सय ११ रुपैयाँ बरावरको चेक हस्तान्तरण गर्दै संघले स्थापना गरेको कोषमा एक करोड रुपैयाँ नपुगुन्जेल हरेक जन्मोत्सवमा सहयोग गर्ने बताइन्।

सबुका श्रीमान शिवले समेत श्रीमतीको जन्मदिन संघको कार्यालयमा आएर मनाउन पाएको भन्दै खुशी व्यक्त गरे। श्रीमती सबुको जन्मदिन मनाउन आएका शिवले प्रशंसा गर्दै भने - संघले राम्रो कामको थालनी गरेको छ।' उनले आफू र परिवाका अन्य सदस्यको समेत जन्मदिन संघको कार्यालयमा आएर मनाउने प्रतिवद्धता जनाए।

'आफूले कमाएको रकम मध्येबाट केही हिस्सा खर्च गर्न सक्नु पर्छ भन्ने मान्यता ममा छ' उनले भने,' मुठ्ठी बाँधेर कोही नबसौं , समाजका लागि केही न केही हामीले नै गर्नु पर्छ। यो राहत कोष तपाई हामीकै लागि हो। एक करोड रुपैयाँ पुऱ्याउन हामी सबै जुटौं।'

बिर्तामोड उद्योग वाणिज्य संघका सचिव राजकुमार शाहले संचालन गरेको कार्यक्रममा राहत कोषमा रकम प्रदान गर्ने सबु र शिवलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो। सो कदरपत्र संघका अध्यक्ष न्यौपानेसहित कोषका संयोजक राजकुमार घिमिरे 'राजु'ले संयुक्तरुपमा प्रदान गरेका थिए।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस्।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। आर्थिक कारोबारमा मन्दी

**वृष** रोजगारको अवसर मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला। वैदेशिक कार्य अघि बढ्नेछ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ। यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।

**वृश्चिक** आज भाग्योदय हुनेछ। धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ। सौन्दर्यतामा धन खर्च पनि हुनेछ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ। बौद्धिकताको विकास हुनेछ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यवसायबाट लाभ मिल्नेछ।

**मिन** घर व्यवहारमा झमेला रहला। साँझमा मन प्रसन्न रहला।